नियम संख्याः१/२०७६/०७७

कार्यपालिका बाट स्वीकृत मितिः २०७७/०३/२९

# सान्नी त्रिवेणी गाउँपालिका कार्यपालिकाको बिनियोजन ऐन. २०७७

सान्नी त्रिवेणी गाउँपालिका

मेहलमुडी.कालीकोट

कर्णाली प्रदेश,नेपाल

# <u>स्थानीय तहको विनियोजन ऐन</u>

**सान्नी त्रिबेणी गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०७७/०३/२९

<u>**प्रस्तावनाः**</u> सान्नी त्रिवेणी गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम सान्नी त्रिवेणी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्तनामा र प्रारम्भः**</u> **(१)** यस ऐनको नाम “सान्नी त्रिवेणी गाउँपालिकाको विनियोजन ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोष बाट रकम खर्च गर्ने अधिकार**</u>: (१)आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.३६,६९,८८,३६०।-(अक्षेरुपीः छत्तीस करोड उनान्सत्तरी लाख अठासी हजार तिन सय साठी रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ । आ.व.२०७६/०७७ को अल्या रकम र अन्य निकायबाट प्राप्त रकम प्राप्त भएमा सभाबाट अनुमोदन गरिनेछ ।

३. <u>**विनियोजनः**</u> **(१)** यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त सान्नी त्रिवेणी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक

अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२)मा जुन सुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९(२) बमोजिम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च कायकम खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. | | गाउँ कार्यपालिका | ६५६३५३६० | ६५०२०००० | ० | १३०६५५३६० |
| २. | | वडा समिति | ५५९८००० | २८०००००० | ० | ३३५९८००० |
| ३. | | बिषयगत शाखा | | | १६४१३५००० | १६४१३५००० |
| ४. | | बिशेष अनुदान संघीय र प्रदेश सरकार | ० | ० | २३६००००० | २३६००००० |
| ५ | | समपुरक अनुदान प्रदेश सरकार | ० | ० | १५०००००० | १५०००००० |
| ६ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ७ | | लगानी ( शेयर/ऋण) | ० | ० | ० | ० |
| जम्मा | | | ७१२३३३६० | ९३०२०००० | २०२७३५००० | ३६६९८८३६० |